**बैठक संख्या ६**

मिति २०७७।१।२९ गते श्रीमान प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेज्यूको संयोजकत्वमा देहायका महानुभावहरुको उपस्थितिमा बसेको जिल्लास्तरीय Crisis Management Center (CMC) भक्तपुरको बैठकको निर्णय देहाय अनुसार रहेको छ।

**उपस्थिति:**

सल्लाहकार - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, विरदल गण सुर्यविनायक व्यारेक
३. प्रहरी उपरिक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर भक्तपुर
४. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण
५. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
६. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल
७. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय भक्तपुर – स्थायी आमन्त्रित
८. प्रशासकीय अधिकृत श्री यज्ञराज जोशी, जिल्ला प्रशासन कार्यालय, भक्तपुर

**छलफलका विषयहरु**

१. गृह मन्त्रालयको च.नं. ३७३५ मिति २०७७।०१।२५ को निर्देशनको कार्यान्वयन सम्बन्धमा
२. कोभिड १९/लकडाउनको हालको अवस्थाको समीक्षा
३. विविध

**निर्णयहरु**

१. गृह मन्त्रालयको च.नं. ३७३५ मिति २०७७।०१।२५ को पत्र साथ प्राप्त बाट नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०१/२४ को निर्णयमा उल्लिखित निर्देशनको प्रभावकारी कार्यान्वयन गर्न गराउनका लागि सबैसँग आवश्यक सहजीकरण र समन्वय गर्ने।

२. उपत्यका भित्रका सबै प्रमुख जिल्ला अधिकारीहरु, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक उपत्यकाका सुरक्षा निकायका प्रमुखहरु सहितका सरोकारवालाको उपस्थितिमा मिति २०७७/०१/२६ गते बसेको बैठकको निर्णयअनुसार सवारी पास आवश्यक पर्ने र नपर्ने तथा सोको विधि एवं समय तालिका खुलाई सूचना प्रकाशन गर्ने।

३. डिस्चार्ज भएका विरामी, सुत्केरी पश्चात घर फर्कनेको हकमा बाहेक उपत्यका वाहिरका जिल्लामा जानका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालय तथा स्थानीय तहको सिफारिशका आधारमा मात्र सवारी पास जारी गर्ने।

४. केन्द्र, प्रदेश र स्थानीयतहका विकास आयोजनाहरु संचालनका लागि सहजीकरण गर्ने।

५. काठमाडौं उपत्यकाका तीनै जिल्लाका संकट व्यवस्थापन केन्द्र (CMC) को संयुक्त बैठक मिति २०७७।२।२ गते शुक्रवारको दिन अपराह्न १ वजे खरिपाटीस्थित क्वारेन्टिनस्थलमा गर्ने।

६. मौसमको परिवर्तनसँगै उत्पन्न हुने बाढी, पहिरो, महामारीजस्ता चुनौतीहरूको सामना गर्न सबै सरोकारवाला निकायहरूको समन्वयमा पूर्व तयारीका कामलाई अगि बढाउने।

७. बन्दाबन्दीको अवधिभर संचालनमा रहेका विकास आयोजना, उद्योग कलकारखाना साथै सवारी साधन संचालन सम्बन्धमा नियमित रुपमा संयुक्त अनुगमन गर्ने।